# संवत् २०७८ साल चैत्र ८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ४५।०७८

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मु.म. तथा म.प. कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना र दरबन्दी (५२ जना) तेरिज स्वीकृत गर्ने। |
| २. | मु.म. तथा म.प. कार्यालय | आर्थिक अवस्था कमजोर भइ उपचार गराउन कठिनाइ भएका व्यक्तिहरु र संघसंस्थालाई आर्थिक सहायता उपलब्ध गराउने। |
| ३. | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक उपर छानबिन गर्न समिति गठन गर्ने। |
| ४. | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण | Rural Poverty Reduction through Dairy Development in Nepal (RPRDDN) नामक आयोजना कार्यान्वयन विधि तथा प्रक्रिया अध्ययन गर्ने कार्यदलको गठन तथा कार्यशर्त, २०७८ स्वीकृत गर्ने, कार्यदल गठन गर्ने र बजेट व्यवस्था गर्ने। |
| ५. | स्वास्थ्य तथा जनसंख्या | कास्की जिल्ला पोखरा-२६ मा १०० शय्याको आयुर्वेद अस्पताल निर्माण प्रक्रिया अगाडि बढाउन नेपाल सरकारमा अनुरोध गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०७८ साल चैत्र १८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ४६।०७८

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | अर्थ | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (पहिलो संशोधन) कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| २. | आन्तरिक मामिला | २०७९ सालमा दिइने सार्वजनिक विदा स्वीकृत गर्ने। |
| ३. | आन्तरिक मामिला | गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ को संशोधन, प्रदेश प्रहरी नियमावलीको मस्यौदा तथा रणनीति तर्जुमाको लागि समिति गठन गर्ने। |
| ४. | ऊर्जा, जलस्रोत तथा खानेपानी | गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७८ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ५. | कानून, सञ्चार तथा प्रदेश सभा मामिला | गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ६. | कानून, सञ्चार तथा प्रदेश सभा मामिला | केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ७. | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति | गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ८. | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था | सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| ९. | स्वास्थ्य तथा जनसंख्या | संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. कृष्ण प्रसाद पौडेललाई सफाइ पेश गर्ने मौका दिने। |
| १०. | स्वास्थ्य तथा जनसंख्या | प्रदेश समानीकरण तर्फ विशेष अनुदान मार्फत प्राप्त रकम बाँडफाँड गर्ने। |

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०७८ साल चैत्र २४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ४७।०७८

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मु.म. तथा म.प. कार्यालय | संसद अधिवेशनको अन्त्यका लागि प्रदेश प्रमुख समक्ष सिफारिश गर्ने। |
| २. | युवा तथा खेलकुद | गण्डकी प्रदेशका ११ वटै जिल्लाका जिल्ला खेलकुद विकास समितिका पदाधिकारी र सदस्यहरूलाई हटाउने। |
| ३. | स्वास्थ्य तथा जनसंख्या | संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. कृष्ण प्रसाद पौडेललाई अध्यक्ष पदबाट हटाउने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

<u>संवत् २०७८ साल चैत्र २५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः</u>

प्र.मं.प.बै.सं. ४८।०७८

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | स्वास्थ्य तथा जनसंख्या | संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन समितिको अध्यक्ष पदमा कास्की जिल्ला पोखरा-३१ का स्थायी निवासी श्री रविमोहन भण्डारीलाई ३ वर्षको पदावधि रहने गरी मनोनयन गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*